का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ साउन २०७९,
शुक्रबार
22 July 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आक्रामक प्रतिपक्ष

सरकारमाथि निरन्तर प्रश्न उठाउँदै एमालेले संसदमा प्रमुख प्रतिपक्षीको भूमिकामा आफूलाई अब्बल देखाउने प्रयास गरेको छ । जसले सरकारलाई जवाफदेही बनाउन मद्दत पुऱ्याएको देखिन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

'आम सर्वसाधारण कसरी बाँचिरहेका छन्, सरकारको ध्यान छ यो विषयमा ?' बिहीबार प्रतिनिधिसभामा बोल्दै नेकपा एमालेका उपमहासचिव समेत रहेका सांसद प्रदीप ज्ञवालीले प्रश्न गरे । मूल्य नियन्त्रणका लागि राहत दिने, सुपथ मूल्य पसल चलाउने, बजार अनुगमन र कारबाही गर्ने लगायतका उपाय रहेको भन्दै ज्ञवालीले थपे, 'सरकारको ध्यान यस्तो कुनै पनि विषयमा छैन ।' यसैमा जोडिएर ज्ञवाली थप प्रश्न गर्छन, 'यो भन्दा नालायकी के हुन्छ ?'

मुल्य बृद्धिबारे बहस गर्नुपर्ने बेला एम अधिकारी को हो ? भनेर विषयान्तर गर्न खोजेको ज्ञवालीले दाबी छ । मध्यम वर्गलाई समेत आच्छुआच्छु भएको भन्दै उनले सरकारको संवेदनहीनताले आहत पुऱ्याएको बताए ।

संसदले रुलिङ गर्दा समेत किसानले मल नपाएको, विद्यार्थीहरुले पाठ्यपुस्तक नपाएको उनले बताए । 'अहिले पनि विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुऱ्याउन नसक्ने ? यो भन्दा नालायकी के हुनसक्छ । अहिले पनि किसानलाई मल उपलब्ध गराउन नसक्ने ? यो भन्दा गैरजिम्मेवार के हुनसक्छ,' एमाले उपमहासचिव ज्ञवालीले संसदमा भनेका छन्, 'गरिबीको रेखामुनि परेका जनतालाई राहत दिन नसक्ने हो भने सरकार हुनु र नहुनुको के अर्थ रहन्छ ?'

सरकार जनताका समस्याहरुप्रति गैरजिम्मेवार र मूल्यवृद्धि नियन्त्रणको मामिलामा तमासे समेत बन्न नसकेको उनले बताए । ज्ञवाली भन्छन्, केही गर्न नसकेपनि तमासेले त कमसेकम बिग्रिरहेको देख्छ । तर सरकार आँखा चिम्म गरेर गैरजिम्मेवार ढंगले अगाडि बढिरहेको छ ।' यसबारे सरकारलाई रुलिङ गर्न समेत उनले सभामुखसँग माग गरे ।

यस्ता पेचिला प्रश्नहरु एमालेले संसदमा गरिरहेको छ । खासगरी एमालेले सरकारमाथि निरन्तर प्रश्न उठाउँदै छ । प्रश्न उठाएरै एमालेले संसदमा प्रमुख प्रतिपक्षीको भूमिकामा आफूलाई अब्बल देखाउने प्रयास गरेको छ । जसले सरकारलाई जवाफदेही बनाउन मद्दत पुऱ्याएको स्वमं सांसदहरु बताउँदछन ।

बजेट निर्माणमा करको दर हेरफेर भएको भनी एमालेले निरन्तर प्रश्न उठाएपछि प्रतिनिधिसभाले ११ सदस्यीय छानविन समिति नै बनाएको छ । २२ असारमा गठित छानविन समितिको म्याद सकिएपछि प्रतिनिधिसभाले बिहीबार मात्रै एक साता समय थप गरेको छ । सुरुमा छानविन समिति गठन गर्न आनामानी गरेको सरकार र सत्तारुढ गठबन्धनमा रहेका दलहरु एमालेको निरन्तर प्रश्न र अवरोधपछि छानविन समिति गठन गर्न बाध्य भएको थियो ।

संसदमा एक पछि अर्को सफलता प्राप्त गर्दै आएपछि एमालेले सरकारमाथि प्रश्न गरेर जनताले मन जित्ने प्रयास गरेको देखिन्छ ।

## भारतको राष्ट्रपतिमा मुर्मु निर्वाचित

**काठमाडौं/एजेन्सी–** भारतको १५ औं राष्ट्रपतिमा द्रौपदी मुर्मु निर्वाचित भएकी छन् । बिहीबार आएको मतगणनाको नतिजामा एनडीएकी उम्मेदवार द्रौपदी मुर्मु विपक्षी दलका उम्मेदवार यशवन्त सिन्हालाई पराजित गर्दै राष्ट्रपतिमा निर्वाचित भएकी हुन् ।



विस्तृत समाचार ५ पृष्ठ

प्रचण्डको पहल

## नेकपा समाजवादी केन्द्र

लगातार टुटफुटको शृङ्खला खेप्दै आएका पुष्पकमल दाहाल प्रचण्डले फेरि समाजवादी केन्द्र निर्माणको पहलकदमी अगाडि बढाएका छन् । प्रचण्डलाई वामदेव गौतमले साथ दिएका छन् ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेकपा समाजवादी केन्द्र निर्माणका लागि नेताहरुलाई दबाव दिन थालेका छन् । उनले तत्कालीन नेकपामा रहेका केपी ओली र पक्षधर नेता बाहेकका नेताहरुसँग छलफल गरि चुनावअघि नै समाजवादी केन्द्र बनाएर जानुपर्नेमा जोड दिन थालेका हुन् । उनले बिहीवार मात्रै बाबुराम भट्टराईसँग भेट गरी समाजवादी केन्द्र बनाउनुपर्ने बताएका हुन् ।

'अध्यक्षले समाजवादी केन्द्र अगाडि नेकपा राखौं भन्ने प्रस्ताव राख्नुभएको छ । बाबुराम भट्टराई त्यसमा सहमत देखिनुभएको छैन' प्रचण्डको सचिवालय श्रोतले जानकारी दियो । तर, जसपाबाटै निस्कासनमा परेका अध्यक्ष भट्टराइले भने तत्कालै सो विषयमा निर्णय लिन नसकिने बताएका हुन् ।

गत सोमबार नेकपाकालीन सचिवालयका पाँच सदस्यको बैठकले पनि वाम एकताका लागि पहल गर्ने निर्णय गरेको थियो । जसमा प्रचण्डसहित नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ र वामदेव गौतम रहेका थिए । उक्त छलफलेसंयोजन समितिनै गठन गरेर गृहकार्य सुरू गरेका र एकताका सिद्धान्त आधार र एजेण्डा तयार गर्ने सहमति समेत भएको थियो । तर, माधव नेपाल निकट एक नेता भने बाहिर आएजस्तो तत्काल सहमतिको सम्भावना नरहेको बताउँछन् । 'उहाँहरुबीच छलफल भएको हो, तर तत्कालै सो सम्भावना छैन, र बाहिर आएजस्तो हल्ला पनि होईन, किनभने त्यहाँ पनि – बाँकी पृष्ठ २ मा

## राजपत्रमा सूचनासँगै इजाजत नवीकरण शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन

गत असार मसान्तसम्म एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने मन्त्रिपरिषद्को निर्णय बुधबार नेपाल राजपत्रमा सार्वजनिक भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले जारी गरेको वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण सम्बन्धी बाधा अड्काउ फुकाउ आदेश असार ३१ गतेको मन्त्रिपरिषद् बैठकले गरे पनि एक हप्तापछि राजपत्रको खण्ड ७२ अतिरिक्ताङ्क १६ मा प्रकाशित भएको हो ।

नेपालको कानूनी व्यवस्था अनुसार कुनै कानून वा सूचना राजपत्रमा प्रकाशित भएको मितिदेखि कार्यान्वयनमा आउने गरेको छ । राजपत्रमा असार ३१ गते नै सूचना प्रकाशित भएकोले सोही मितिदेखि नै लागू हुनेछ । यो सँगै वैदेशिक रोजगार विभागमा नवीकरणका लागि निवेदन दर्ता गरेका म्यानपावर कम्पनीहरुले दश हजार रुपैयाँमा नै नवीकरण गर्न पाउने छन् ।

वैदेशिक रोजगार व्यवसायी संघको समस्या समाधान, सहजीकरण समितिका सदस्य कर्णराज कटुवालले मन्त्रिपरिषद्ले बाधा अड्काउ आदेश जारी नगर्दै व्यवसायीहरुले सबै प्रक्रिया पूरा गरेर नवीकरणका लागि निवदेन दिएका कारण इजाजतपत्र नवीकरण शुरू भएकोले विभागमा सम्पर्क गर्न व्यवसायीलाई आग्रह गरेका छन् ।

बाधा अड्काउ फुकाउ आदेश अघिल्ला वर्षहरूकै शैली र भाषामा आएको छ । आदेशमा भनिएको छ, 'आर्थिक वर्ष २०७८/७९ मा १०० जना पठाउन नसकेको म्यानपावर कम्पनीलाई ०७९/०८० को लागि नवीकरणका लागि आए नवीकरण गारिदिने ।'

वैदेशिक रोजगार ऐन अनुसार असार मसान्तसम्म म्यानपावर नवीकरण नगरे नवीकरण दस्तुर दश हजारबाहेक प्रति महिना १० हजारका दरले जरिवाना तिरी असोज मसान्तसम्म – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### सामाजिक सुरक्षा कोष र एनआरएनएबीच सहमति

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने बताएका छन् । गैरआवासीय नेपाली संघले बिहीबार राजधानीमा आयोजना गरेको 'वैदेशिक रोजगार, सामाजिक सुरक्षा, लगानी तथा वैदेशिक मुद्रा निक्षेप कार्यशाला'लाई सम्बोधन गर्दै उनले नेपालले वैदेशिक रोजगारीका गएका श्रमिकलाई सामाजिक सुरक्षामा आवद्ध गराउन नयाँ व्यवस्था गरिने बताए ।

वैदेशिक रोजगारीबाट पठाएको रकम विलासिताका सामान आयात गर्न खर्च भएको यथार्थ प्रस्तुत गर्दै उनले विप्रेषणको सही सदुपयोग गर्ने नीति अबलम्बन गर्नुपर्नेमा जोड दिए ।

श्रम मन्त्रालयका सचिव एकनारायण – बाँकी पृष्ठ २ मा

प्रेस युनियनको महाधिवेशन

## नेतृत्वमा कडा प्रतिस्पर्धा, कसले मार्ला बाजी ?

९ वर्षपछि हुन लागेको ८ औं महाधिवेशनमा प्रेस युनियनमा अध्यक्षका लागि संस्थापनबाट अनिता बिन्दुको नाम टुंगो लागेको छ । पूर्व संस्थापनबाट अध्यक्षमा शिव लम्साल र दीपक आचार्य मुख्य दाबेदार छन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

आज (शुक्रबार) प्रेस युनियनको महाधिवेशनको उद्घाटन मकवानपुरको हेटौंडामा हुँदैछ । ९ वर्षपछि हुन लागेको ८ औं महाधिवेशनमा प्रेस युनियनमा अध्यक्षका लागि संस्थापनबाट अनिता बिन्दुको नाम टुंगो लागेको छ । संस्थापनका दाबेदारबीच बिन्दु अध्यक्षमा उठ्ने टुंगो लागेको हो ।

अध्यक्षमा बिन्दु, सरोजराज अधिकारी र इश्वरी ओझा मुख्य दाबेदार थिए । तर संस्थापनबीच नेपाल टेलिभिजनमा कार्यरत पत्रकार बिन्दुलाई अध्यक्षको उम्मेदवार बनाउने सहमति भएको हो । साथै बिन्दु नेपाल पत्रकार महासंघकी पूर्व उपाध्यक्षसमेत हुन् ।



शिव लम्साल | अनिता बिन्दु | रामप्रसाद दाहाल

संस्थापनबाट अध्यक्षमा दाबेदारी गरेका सरोज अधिकारी अब बरिष्ठ उपाध्यक्षमा उठ्ने भएका छन् । महासचिवमा भीष्मराज ओझा उठ्ने सहमति बनेको छ ।

पूर्व संस्थापनबाट अध्यक्षमा शिव लम्साल र दीपक आचार्य मुख्य दाबेदार छन् । लम्साल यस अघि अध्यक्षमा बद्रि सिग्देलसँग पराजित भएका थिए ।

पूर्व संस्थापनमा महासचिवमा खिला कार्की, नकुल अर्याल, रमेश वाग्ले र दिलीप पौडेल – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
६ साउन २०७९, शुक्रबार
22 July 2022, Friday

# 'विश्वविद्यायमा तालाबन्दी स्वीकार्य हुँदैन'

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालयहरुमा तालाबन्दी गर्ने कार्य स्वीकार्य नहुने बताएका छन् । काठमाडौं भएको उच्चशिक्षाको समस्या र समाधान विषयक छलफलमा उनले कुनै समस्या भएमा विश्वविद्यायको नेतृत्वसँग वार्तामा बसेर समाधान गर्न र नियमित पठनपाठनमा असर पर्नेगरी तालाबन्दी नगर्न विद्यार्थी तथा प्राध्यापक पक्षसँग आग्रह गरे ।



मन्त्री पौडेलले सो क्रममा थप समस्या आएमा सहजीकरणका लागि मन्त्रालय तयार रहेको तर तालाबन्दी प्रथालाई मान्यता दिन मन्त्रालय असमर्थ रहने स्पष्ट गरे । उनले मुलुकभित्रका विश्वविद्यालयमा सर्वसुलभ, गुणस्तर र अनुसन्धानमुखी शिक्षा विस्तार गरेर पढ्न र कामका लागि युवा विदेशिने क्रम न्यून गर्नुपर्नेमा पनि जोड दिए । मन्त्री पौडेलले विश्वविद्यालय र विद्यालय तहलाई एकआपसमा जोड्ने, स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीले वर्षमा ९० दिन विद्यालयमा इन्टरर्नसिप गर्ने गरी कार्यविधि ल्याइने र विश्वविद्यालयको नियमनका लागि उच्चशिक्षा ऐन ल्याइने जानकारी दिए ।

शिक्षाविद् डा. विद्यानाथ कोइरालाले विद्यार्थी भिसामा विदेश जाने युवामध्ये १० प्रतिशतले मात्रै विदेशमा अध्ययन गर्ने भएकाले तिनलाई स्वदेशमै टिकाउनु चुनौतीपूर्ण भएको बताए । अर्का शिक्षाविद् डा. बालचन्द्र लुइँटेलले विश्वविद्यालयलाई स्वायत्त र प्रतिस्पर्धीरुपमा सञ्चालन गर्न सुझाव दिए ।

उच्चशिक्षा तथा विद्यालय सङ्घ (हिसान) का अध्यक्ष रमेश सिलवालले उत्कृष्ठ शिक्षा नेपालमै सम्भव गराउन आफूहरु लागेको र राज्य एवं नेतृत्व तहबाट पनि सोहीअनुसारको कार्यान्वयवन हुनुपर्नेमा जोड दिए । कार्यक्रममा विभिन्न विश्वविद्यालय उपकुलपतिहरुले आफूहरुलाई राजनीतिक, आर्थिक, सामाजिक र विविध दबाबका कारण स्वायत्तता र सुरक्षाको अनुभूति नभएको गुनासो गरेका थिए । यसरी चिन्ता व्यक्त गर्नेहरुमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति डा. यादवप्रकाश लामिछाने, मध्यश्चिम विश्वविद्यालयका उपकुलपति डा. नन्दबहादुर सिंह, कृषि तथा वन विश्वविद्यालयका उपकुलपति डा.पुण्यप्रसाद रेग्मी, गण्डकी विश्वविद्यालय, बोर्ड अफ ट्रष्टीका सदस्यसचिव डा.गणेशमान गुरुङलगायतको सहभागिता थियो ।

# स्वास्थ्यकर्मी नहुँदा बाटोमै सुत्केरी !

**देवराज पाध्याय/मध्यान्ह**
बाजुरा, ५ साउन

बाजुरा स्वामीकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोटकी ३५ वर्षीया कार्तिका वि.कलाई सुत्केरी व्याथाले चाप्यो । उनलाई परिवारले स्वास्थ्य संस्था पुऱ्याए ।

तर स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नभेटिएपछि उनले बाटोमै बच्चा जन्माएकी छन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नभएपछि फर्कने क्रममा बाटोमै बच्चा जन्माएकी उनको परिवारले बताएको छ ।

परिवारले उनलाई समयमा नै स्वास्थ्य संस्थामा लगेका थिए । तर वडा नम्बर २ मा रहेको माझगाउँ स्वास्थ्य इकाइ केन्द्रमा स्वास्थ्यकर्मी थिएनन् ।



स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नभेटेपछि फर्कने क्रममा ताहाडा खोला नजिकै बाटोमा छोरा जन्माएको स्थानीय बल बहादुर विकले बताएका छन् । यता वडा अध्यक्ष अजय बहादुर विकले माझगाउँ इकाइ स्वास्थ्य केन्द्रमा सबै कर्मचारी करार रहेका र उनीहरुको म्याद नथपिएका कारण स्वास्थ्य संस्था कर्मचारी विहिन भएको बताए ।

# दलित समुदायको थर सूचीकृत सम्बन्धी एक दिने अन्तर्क्रिया

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ५ साउन



कपिलवस्तु सदरमुकाम तौलिहवामा राष्ट्रिय दलित आयोगद्वारा दलित समुदायको थर सूचीकृत सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बुद्धभूमी नगरपालिकाका प्रमुख केशव श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माको प्रमुख आतिथ्यता तथा राष्ट्रिय सभाका पूर्वसदस्य रामलखन हरिजनको विशिष्ट आतिथ्यता रहेको थियो ।

प्रमुख अतिथि दलित आयोगका अध्यक्ष विश्वकर्माले राज्यको हरेक निकायमा दलितको सहभागिता गराउनको लागि आयोगले काम गरिरहेको बताए । युवा पुस्ताले धेरै दलितहरुले नेपाल सरकारबाट दिने सेवा सुविधा प्रदान गर्न ढिलासुस्ती हुने गरेकाले अब सुधार गर्नुपर्ने बताए । अध्यक्ष विश्वकर्माले भने, 'दलितबाट हामी मान्छे बन्न चाहान्छौं । दलित जनप्रतिनिधिहरुलाई एउटा सक्रिय अभियानताको रुपमा स्थापित गर्नको लागि कार्यक्रम छिटो नै ल्याउँदैछौं ।'

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले मधेसी दलित र पहाडी दलित भित्र धेरै फरक रहेको बताए । उनले भने, 'पहाडी दलितहरु मधेसी दलितहरुबाट सेवा सुविधा प्राप्त गर्न अगाडि रहेको पाइन्छ । संविधानमा लेखिएको अधिकार दलितहरुले प्राप्त गर्नुपर्छ । दलितलाई कसैले कुनै प्रकारको छुवाछूत, भेदभाव जस्तो व्यवहार गरेको खण्ड कानुनी बमोजिम कारबाही हुन्छ ।' कपिलवस्तु जिल्ला समन्वय समितिको आयोजना र दलित सामाजिक विकास केन्द्रको सह-आयोजनामा अन्तर्क्रिया गरिएको हो ।

कार्यक्रममा कपिलवस्तु नगरपालिकाकी उपप्रमुख सुनिता गुप्ता, विजयनगर गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, यशोधरा गाउँपालिकाकी उपप्रमुख गुन्जादेवी मौर्या, बाणगंगा नगरपालिकाकी उपप्रमुख रिता कुमारी चौधरी लगायत सचेत दलितहरुको सहभागिता रहेको थियो । कार्यक्रम रामशरण रैदासले सञ्चालन गरेका थिए ।

# लागूऔषधसहित पक्राउ



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ५ साउन

सिरहामा लागूऔषधसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहा कर्जन्हा नगरपालिका वडा नम्बर ४ भुल्केका ३५ वर्षका सुनिल साह रहेका प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय बन्दिपुरबाट प्रहरी नायव निरीक्षक मेघराज अधिकारीको नेतृत्वमा खटिएको टोलीले बिहीबार पक्राउ गरेको हो । प्रहरीले उनको साथबाट ३५ बोतल लागूऔषध बरामद गरेको छ । पक्राउ परेका साहलाई आवश्यक कारबाहीको लागि सिरहामा राखिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# किसानले ल्याएको मल नरोक्न माग


**काठमाडौं/मस–** पूर्वप्रधानमन्त्री झलनाथ खनालले चियाको गुणस्तर मापन गर्ने यन्त्र तत्काल स्थापना गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनले भने, 'चियाको गुणस्तर मापका लागि तत्काल स्वदेशमा नै यन्त्र स्थापना गर्नुपर्छ । चिया कारखाना बनाउन चाहनेलाई ५० प्रतिशत सहुलियत दिनुपर्छ ।'

प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा उनले चिया निर्यात गरेर नेपालले आर्थिक उपार्जन गर्नसक्ने बताए । सांसद खनालले चिया बगान निर्माणलाई राज्यले उच्च प्राथमिकतामा राखी चिया विकास बोर्डको भूमिका प्रभावकारी बनाउन र साना चिया किसानलाई कारखाना खोल्न सहकारीमार्फत प्रोत्साहन गर्नुपर्ने बताए । 'नेपाली चियाको इतिहासमा इलामलाई बिर्सन हुँदैन, बढीभन्दा बढी किसानलाई चिया खेतीमा लाग्न प्रोत्साहन गर्नुपर्छ', उनले भने, 'चियाको उत्पादन, सङ्कलन र प्रशोधनमा लागेका उद्यमीलाई पनि राज्यले सहयोग गर्नुपर्छ ।'

सांसद खनालले १६ हजार साना किसान चिया खेतीमा संलग्न रहेको उल्लेख गर्दै इलाममा चियाको सङ्ग्रहालय बनाउनुपर्ने मागसमेत गरे ।

सांसद पार्वता सिडी चौधरीले खेतीपाती गर्ने समयमा सरकारले बेलामै मलका व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइन् । 'किसानले मत पाएका छैनन्, समयमा मल पाए मात्र उत्पादन बढाउन सक्छ, उत्पादन बढेमात्रै राष्ट्रिय उत्पादनमा वृद्धि हुनसक्छ', उनले भने, 'सरकारले मल ल्याउनुपर्यो कि किसानले ल्याएको मल सरकारले रोक्न हुँदैन ।'

# सुत्केरीको हेलिकप्टरबाट उद्धार



**मेलम्ची/मस–** हेलम्बु गाउँपालिकाकी एक सुत्केरीको हेलिकप्टरबाट उद्धार गरिएको छ । सुत्केरी हुने क्रममा अत्याधिक रक्तस्राव भएपछि हेलम्बु-५ गोल्फु भञ्ज्याङकी २६ वर्षीया माया तामाङको आज हेलिकप्टरबाट उद्धार गरिएको वडाध्यक्ष दीपकुमार तमाङले बताए । उनका अनुसार स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने भएपछि गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले हेलिकप्टर बोलाएर सुत्केरी महिलालाई काठमाडौं पठाइएको हो ।

उनको हेलम्बु-५ कै अर्का एक हात भाँचिएका बिरामी माइली तामाङलाई पनि सोही हेलिकप्टरमार्फत काठमाडौं पठाइएको छ । बाढीका कारण मोटरबाटो अवरुद्ध भएपछि हेलिकप्टरबाट बिरामीको उद्धार गरिएको हो ।

## नेकपा...

नेताहरुको व्यवस्थापनको सकस छ,' उनले भने । उनीमात्रै होईन, राजनीतिक विश्लेषक डा. राजेश अहिराज पनि तत्कालै समाजवादी केन्द्र बन्ने सम्भावना नदेखिएको बताउँछन् । 'प्रचण्डको चरित्र अस्थिर छ, अनि त्यसमै वामदेव पनि छन् अनि अन्य नेताहरु पनि आफ्नो उचित व्यवस्थापन नहुने देखिएसम्म सहमति गर्दैनन्, तसर्थ कार्यगत एकता भएपनि केन्द्र नै गठन गर्ने विषय भने जटिल नै देखिन्छ,' विश्लेषक अहिराजले भने । प्रचण्डले ओलीसँग सकारात्मक छलफल भए त्यता पनि मोडिन सक्ने बताएका छन् । यद्यपि, माधव नेपाल, बाबुराम भट्राई लगायतका नेताहरु भने तत्कालै मिल्ने सम्भावना न्युन रहेका बताउँदै आएका छन् ।

## राजपत्रमा...

नवीकरण गर्न पाइने व्यवस्था छ । असोज मसान्तसम्म पनि नवीकरण नगरेमा लाइसेन्स खारेजीको प्रक्रियामा जाने कानूनी व्यवस्था छ ।

राजपत्रमा सूचना सार्वजनिक भएपछि व्यवसाय छोडेर लाइसेन्स नवीकरणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, सचिव र आफू निकट दलका नेताको ढोका चाहर्नुपर्ने बाध्यता कम्तीमा नौ महिनाका लागि अन्त्य भएको छ ।

मन्त्रालयले केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमा म्यानपावर कम्पनीको इजाजत नवीकरण सम्बन्धी वार्षिकरूपमा सय जना कामदार पठाउनुपर्ने वैदेशिक रोजगार ऐनको दफा १३ (घ) संशोधन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको छ । तर राजनीतिक दलहरू आगामी निर्वाचनको दाउपेचमा लागेका कारणले ऐन संशोधनका प्राथमिकता ओझेलमा पर्ने सम्भावना पनि यथावत रहेको छ । ऐन संशोधन नभए आगामी फागुन-चैतदेखि व्यवसायीका पुनः अनुनय विनय गर्नुपर्नेछ ।

संख्या सयको समस्या समाधानका लागि राजनीतिकरूपमा सहज भएपनि प्रशासनबाट अपेक्षा अनुसारको सहयोग पाउन सजिलो नरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकाल बताउँछन् । मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउ आदेश जारी गरेपछि राजपत्रमा सूचना प्रकाशित गर्न पटकपटक ताकेता गर्नुपरेको हाल मलेसियामा रहेका संयोजक ढकालले बताए । उनले भने, 'संख्या सयको समस्या समाधान एउटा उपलब्धि हो, तर सेवा शुल्क परिमार्जन नभएसम्म आम व्यवसायीले पूर्णरूपमा राहत महसुस गर्ने र निर्धक्कले व्यवसाय गर्ने अवस्था छैन ।'

## सामाजिक...

अर्यालले वैदेशिक रोजगारीलाई भरपर्दो, मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन सरकारको तर्फबाट अधिकतम प्रयास गरिरहेको बताए । उनले सुरक्षित वैदेशिक रोजगारीका लागि सरोकारवालाको भूमिका पनि उत्तिकै जिम्मेवार हुनुपर्ने बताए ।

आर्थिक वर्ष २०७८/७९ मा मात्रै कूल छ लाख श्रमिक रोजगारीको खोजीमा विदेशिएको तथ्यांक दिँदै उनले हालसम्म ४६ लाख श्रमिकले श्रम स्वीकृति लिएको जानकारी दिए । वैधानिक मार्गबाट विप्रेषण भित्र्याउनका लागि सरकारले धेरै काम गरिसकेको जानकारी दिँदै सचिव अर्यालले लगानी गर्दा छुट दिने तथा ब्याज बढी दिनेलगायत प्रक्रिया अगाडि बढिसकेको बताए ।

परराष्ट्र मन्त्रालयका सहसचिव हरिशचन्द्र घिमिरेले नेपालको समृद्धिका लागि वैदेशिक रोजगारीमा रहेका श्रमिकको ज्ञान, सीप र क्षमता सदुपयोग गर्ने विषयलाई सरकारले प्राथमिकता दिएको उल्लेख गरे । पूर्वमहान्यायाधीवक्ता रमेश बडालले सामाजिक सुरक्षा योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि थप प्रयास गर्नुपर्ने धारणा राखे ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिल ज्ञवालीले सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने तयारीका साथ कोष अगाडि बढेको बताए ।

कार्यक्रममा पूर्वसचिव पूर्णचन्द्र भट्टराईले सामाजिक सुरक्षाका कार्यक्रममा जोड्नका लागि 'पाइलटिङ' गरेर काम गर्न आग्रह गरे । उनले विप्रेषण भित्र्याउने कम्पनीलाई पनि जिम्मेवार बनाउनुपर्नेमा जोड दिए । गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्यले दक्ष कामदार पठाउन सकिएको खण्डमा हाल आर्जन गरेको भन्दा बढी कमाइ गर्नसक्ने बताए । गैरआवासीय संघ र सामाजिक सुरक्षा कोषबीच त्यस अवसरमा एक समझदारीपत्रमा हस्ताक्षर भएको छ । वैदेशिक रोजगारीमा गएका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यका साथ उक्त हस्ताक्षर भएको हो । कोषका कार्यकारी निर्देशक ज्ञवाली र संघका तर्फबाट कुल आचार्य र बद्री केसीले हस्ताक्षर गरे ।

## प्रेस...

महासचिवका मुख्य दाबेदार छन् । उपत्यका तथा प्रतिष्ठान तर्फबाट केन्द्रीय उपाध्यक्षमा जीवन भण्डारीले उम्मेदवारी दिने भएका छन् । अध्यक्षका लागि रामप्रसाद दाहाल, सन्तोष न्यौपाने र भुवन भट्ट लगायतले पनि उम्मेदवार बन्ने घोषणा गरेका छन् । प्रेस युनियन कांग्रेसको शुभेच्छुक संस्था हो ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०४/०६**

**वि. एण्ड वि. रिक्रुटमेन्ट प्रा.लि**को मिति २०७७/०९/२१ र २०७७/०९/२३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. एण्ड जी. इन्टरनेशनल ओभरसीज प्रा.लि. (प्रा. लि. नं.: १७१४२५)** कायम गर्ने गरी मिति २०७७/११/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## Cyprus को होटल लाईनमा महिला/पुरुषहरुलाई रोजगारको अवसर

कम्पनीः **Medeon International Placement Agency Lrd., Cyprus, Larnaca**

पूर्व स्वीकृती मिति २०७९।०४।०५ | चलानी नं. ६०१८३६११ | LT.No. 267642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 05 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,१०,६१९।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bartender | 03 | 02 | | 700 | ९१,०९८।- | | | | | | | |
| 3 | Houseboy | 04 | 0 | | 500 | ६५,०७०।- | | | | | | | |
| 4 | Waitress | 0 | 04 | | 600 | ७८,०८४।- | | | | | | | |
| 5 | House Keeping | 0 | 02 | | 500 | ६५,०७०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १,५००।– | रु.४०,०००।– |

नोटः– स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव र साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

अन्तर्वार्ता २०७९ श्रावण १३ गते (29 July, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom



## कुवेतमा र मलेसियामा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः **Element SPA Health Institute Co.** शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०४/०५ | चलानी नं.: ६०१८३६१८ | LT. No.: 267699

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASSAGE THERAPIST | 10 | 0 | स. काममा दक्ष | 150 | ६२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः **HOPEDALE BEVERAGE SDN BHD** शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७८/०४/०५ | चलानी नं.: ६०१८३६१५ | LT. No.: 267748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 16 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २९ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ रु.१०,०००/– क.नं. २ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com



## Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) सहित SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ESTAGAMAH FLEXIFLO INDUSTRIAL CO., Dammam**

पूर्व स्वीकृत मितिः २०७९/०४/०१ | चलानी नं.: ६०१८३५११ | LT. No.: 267391

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Product Sorting Worker | 1 | 0 | स. काममा दक्ष | 3500 | १,१८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोट : आबेदकहरुलाई कुनै मध्यस्थकर्ता वा बिचौलियाको प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्तीको लागि कुनै प्रकारको शुल्क तिर्नु पर्नेछैन ।
Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

अनलाइन अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०७९ साउन १३ गतेमा हुनेछ ।
Online Interview will be held at IMR Office, Gwarko, Lalitpur on 29 July 2022.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै मध्यस्थकर्ता वा शाखाहरू छैन । बैदेशिक रोजगारमा जाने कामदारहरूबाट आईएमआरले कुनै पनि शुल्क भुक्तानी गर्दैन । यसको मतलब कुनै पनि भर्ती शुल्क नलाग्ने, प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने तथा कुनै पनि प्रकारको शुल्क तिर्नु नपर्ने ।
**International Manpower Recruitment P. Ltd (IMR)** does not have any mediator representative or branches. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को रोकथाम प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजित गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

**Beware of illegal recruiters / अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस्**

कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको हटलाइन नं +९७७ ९८०११३७७६९ मा वा ईमेल imr.grievance@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।
Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline +9779801137769 or email at imr.grievance@gmail.com . We shall maintain your confidentiality.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**International Manpower Recruitment (P) Ltd.**
License No. 309/059/060
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9818979632, 9802325733
For Location:

# हरियाली वातावरणबाट 'लू' को प्रभाव कम गर्न सकिने

पवन जायसवाल/मध्यान्ह
बाँके, ५ साउन



नेपालगञ्जमा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाको आयोजनामा लू(तातो हावा) सम्बन्धी ज्ञान आदान-प्रदान कार्यशाला सम्पन्न भएको छ । बिहीबार सम्पन्न भएको कार्यक्रममा अधिकाँश व्यक्तिहरुले हिटवेभको प्रभावलाई कम गर्न स्थानीय तहले सक्रियता देखाउनुपर्ने, जल सञ्चय हुने पोखरी र तालहरु संरक्षण गर्नुपर्ने र खुला स्थानमा वृक्षारोपण गरेर हरियाली बनाउनुपर्नेमा जोड दिएका थिए ।

नेपाल रेडक्रसले नमूनाका रुपमा नेपालगञ्जमा संचालन गरिरहेको हिटवेभ कार्यक्रमबाट जनचेतनामूलक गतिविधि संचालन भएको बताइएको छ ।

नेपालगञ्ज उप-महानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले नेपालकै सबैभन्दा बढी गर्मी हुने नेपालगञ्ज शहरलाई हिटवेभसम्बन्धी अध्ययन भएको र अध्ययन प्रतिवेदनको आधारमा नगरपालिकाले योजनाबद्ध तरिकाले काम आगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाले हिटवेभ र सुपर कार्यक्रमको बारेमा चर्चा गर्दै समुदायको क्षमता विकासमा रेडक्रसले सहयोग गर्ने बताए । नेपाल रेडक्रस सोसाइटी विपद् तथा संकट व्यस्थापन विभागका निर्देशक विपुल न्यौपानेले हिटवेभ सम्बन्धी नेपालगञ्जबासीहरुसँग गरिएको छलफल र सरकारले दिएको तथ्यांकको आधारमा हिटवेभको रिर्पोट तयार भएको जानकारी दिए ।

फिनिस रेडक्रसका शुष्मा श्रेष्ठले हिटवेभ अन्य विपद् जस्तो तत्काल क्षति नदखिँने भएपनि मानव स्वास्थ्यमा अत्याधिक असर पर्ने गरेको जानकारी दिइन् । विभिन्न देशमा त्यहाँका सरकारसँग मिलेर रेडक्रसले हिटवेभ सम्बन्धी कार्यक्रम संचालन गरिरहेको उनको भनाइ थियो ।

कार्यशालामा नेपाल रेडक्रस सोसाइटीले नेपालगञ्जलाई केन्द्रित गरी लू सम्बन्धमा गत वर्ष एक अनुसान्धान गरेको थियो । उक्त अध्ययनको निष्कर्षहरु प्रस्तुत गरिएको थियो । अनुसन्धानमा नेपालगञ्जका उच्च तापक्रम भएका स्थान, लू को कारण संकटासन्न वडा एवं समूह, यसले गरेको असर तथा प्रभाव न्यूनीकरणका लागि गरिएका गतिविधिहरु र आगामी दिनमा गर्न सकिने पहलहरुको बारेमा विस्तृत प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा परामर्शकर्ता आस्मा सुवेदीले अध्ययन प्रतिवेदन र युनिसेफका नरेश निदालले शहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजनाको समुदाय स्तरको अध्ययन प्रतिवेदन र हाइड्रोलोजिकल सम्बन्धी प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिकाका मेयर, कार्यपालिका सदस्य, वडाअध्यक्ष र नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखा तथा उपशाखाका पदाधिकारीहरुको सहभागिता रहेको थियो । नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाका मेयर प्रशान्त विष्ट, विपद् संयोजक समीर प्रताप सिंह, कार्यपालिका सदस्य बन्सत कुमार कनौजिया, नेपाल रेडक्रस सोसाइटी बाँकेका उपनिर्देशक दोलखबहादुर डाँगी लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

कार्यक्रम संचालन सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले गरेका प्रहलाद विश्वकर्माले जानकारी दिए ।

## सर्टिफिकेट हरायो

मिति २०७९/०३/३० गते तिनकुनेबाट शंखमुल सम्म जाँदा मेरो Swami Vivekanand University Sagar Madhya Pardesh, India बाट जारी भएको सम्पुर्ण डकुमेण्ट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**नाम: प्रिन्स राय**
**ठेगाना: तिनकुने, काठमाडौं**
**सर्म्पक नं.: ९८१४८५२२०**

## भूल सुधार

मिति २०७९/०४/०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा. लि. को जोर्डनमा रोजगार शिर्षकको **कम्पनीको नाम: AL MUTHANA COMPANY FOR RECRUITMENT AND EMPLOYMENT OF HOUSE WORKERS** पुर्व स्वीकृति मिति: २०७८/०९/०५, चलानी नं. ६०१७०८६५, र **L.T. No. 254298** को पून विज्ञापनमा **कामदारको माग** Housemaid **महिला २६ हुनपर्ने र कम्पनीको नाम: SAHAR HINDA WI EST (FOR IMPORTATION & EMPLOYMENT NON JORDAIAN DOMESTIC WORKER** पुर्व स्वीकृति मिति: २०७८/०९/२९, चलानी नं. ६०१७२६४६, र **L.T. No. 256198** को पून विज्ञापनमा **कामदारको माग** Domestic Worker (Housemaid) **महिला** ४६ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**EARTH VISION** MANPOWER SERVICES PVT. LTD.
Jayabageshwori, Kathmandu, Nepal, Tel.: 4481192
Email:earthvision2016@gmail.com
Govt. Lic. No. 749/064/065


## Ashok Leyland Vehicle Price List (MRP) (Effective From 22th July, 2022)

| S.N. | Model | MRP |
|---|---|---|
| 1 | BADA DOST | 29,50,000 |
| 2 | VIKING 222 180 | 45,20,000 |

IME MOTORS
Corporate Office:
Kathmandu, KMC -16, Balaju Industrial Area, Balaju
Tel: +977-1-4955920/4955921
ASHOK LEYLAND



## कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।



**Documentaion - 1 (Male/ Female)**
**(Salary: Negotiable)**

म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको हुनुपर्नेछ ।

**UTSAV H.R. SOLUTION PVT. LTD.**
Govt. Lic. No. 1459/074/075
Pingalasthan-9, Gaushala, Kathmandu, E-mail: info.utsavhrsolution@gmail.com
Mobile: 9823304371/ 9851171553 Tel.: 014484436


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०४/०६**

**हिमाली अर्गानिक मार्ट प्रा.लि**को मिति २०७९/०२/१३ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्वदेशी खाद्य उद्योग प्रा.लि. (प्रा. लि. नं.: २५८८९९)** कायम गर्ने गरी मिति २०७९/०२/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०७९/०४/०६**

**शैलेश्वरी डेभलपर्स प्रा.लि.** को मिति २०७९/०४/०२ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **शैलेश्वरी डेभलपर्स एण्ड एग्रिकल्चरल फार्म प्रा.लि. (प्रा. लि. नं.: १५९८६१)**, कायम गर्ने गरी मिति २०७९/०४/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मिति: २०७९/०४/०६**

यस कार्यालयमा मिति २०७७/०६/१४ मा दर्ता भएको **प्रा.लि.नं. २४३५१९** को **एच केयर नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा रोजगारको अवसर | कम्पनी: AL-HAJRI FOOD TRADING COMPANY शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०५/०४ चलानी नं.: ६०१६१७२१ LT. No.: 244075 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Car Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६१,१८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९६४४, सामाखुसी-०३, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८११७ मो. 9810201278 / 9801001144, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२



## ROMANIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: UMAN CARE RECRUITING S.R.L., Romania, Bucharest
पूर्व स्वीकृत मिति: २०७८/०३/२८ चलानी नं.: ६०१६००६७ LT. No.: 242349 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 0 | 5 | सम्बन्धित काममा दक्ष | 550 | ६९,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 0 | 5 | | 550 | ६९,७४५ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६९,७४५ | | | | | | | |
| 4. | Store Keepers | 4 | 0 | | 550 | ६९,७४५ | | | | | | | |
| 5. | Cook | 10 | 0 | | 650 | ८२,४२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४४२४१५२, ४४१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com



## Malaysia मा रोजगारको अवसर

Company : MUDA PACKAGING INDUSTRIES SDN.BHD City: SELANGOR
पूर्व स्वीकृत मिति: २०७६/१०/१५ चलानी नं.: ६०१५०७७५ LT. No.: 232158 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 1 | 0 | स. काममा दक्ष | 1200 | ३४,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं. ४९८/०६१/०६२
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४



## मलेसियामा रोजगारको अवसर | कम्पनी: CLASSIC SEGAMAT PALM OIL MILL SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ चलानी नं.: ६०१८३६०७ LT. No.: 267778

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



## UAE मा रोजगार | कम्पनी : AL ZAHRA SCAFFOLDING TR SOLE PROPRIETORSHIP LLC शहर :UAE

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ चलानी नं.: ६०१८३६१३ L.T. No.: 267713

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers (Labors) | 12 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३१,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | scaffolders | 20 | 0 | | 1200 | ४१,७१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
धुम्बराही (DBA स्कुल अगाडी) प्रगतीटोल, काठमाडौं
Ph. 01-4961111, 4966318, 9851045711, 9851024632
Email : motherlandovs@gmail.com, info@motherlandovs.com



## कतारमा रोजगारको अवसर | कम्पनी: AL DIKSHYA CLEANING HOSPITALITY & SERVICES WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१६४२ LT. No.: 265839 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Busin Executive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५२,६०५ | | | | | | | |
| 3. | Foreman | 2 | 0 | | 2500 | ८७,६७५ | | | | | | | |
| 4. | Gen Clean Worker | 5 | 0 | | 1200 | ४२,०८४ | | | | | | | |
| 5. | General Supervisor | 1 | 0 | | 3000 | १,०५,२१० | | | | | | | |
| 6. | Labourer | 1 | 0 | | 1000 | ३५,०७० | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | | 2500 | ८७,६७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | कामदारले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९९४/०६८/०६९
टोखा-७, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ०१ ४९८७४९४, ०१ ४९८३९८३
मो: ९८४११३५५३५, ९८५१२१११८८, फ्याक्स: ०१ ४९८७४९५
WhatsApp Viber IMO Botim No. : 9802068888



## मलेसियामा रोजगारको अवसर | १. कम्पनी: THE VANGUARDS SERVICES SDN BHD शहर: KLANG

पूर्व स्वीकृत मिति : २०७९/०३/०२ चलानी नं. : ६०१८११०९ LT. No.: 265065 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: E2S SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति : २०७८/१२/२० चलानी नं. : ६०१७७१९८ LT. No.: 260908 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: KIEN YIK GLASS SDN.BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मिति : २०७९/०४/०५ चलानी नं. : ६०१८३६१७ LT. No.: 267586

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: BROAD WORLD PRECISION INDUSTRY (M) SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति : २०७९/०४/०५ चलानी नं. : ६०१८३६१९ LT. No.: 267646

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: CHAI HENG PLASTIC MFG(M) SDN. BHD. शहर: JALAN
पूर्व स्वीकृत मिति : २०७९/०४/०५ चलानी नं. : ६०१८३६१९ LT. No.: 267638

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com



## QATAR मा रोजगार | कम्पनी: AL WATHAB TRADING AND CONTRACTING शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/२८ चलानी नं.: ६०१५५३५१ LT. No.: 237095 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Technician | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 6 | 0 | | 1600 | ५६,११२ | | | | | | | |
| 3. | Store Keeper | 2 | 0 | | 1900 | ६६,६३३ | | | | | | | |
| 4. | Reinforce Fitter | 4 | 0 | | 1300 | ४५,५९१ | | | | | | | |
| 5. | Electric | 4 | 0 | | 1300 | ४५,५९१ | | | | | | | |
| 6. | Plumber | 3 | 0 | | 1300 | ४५,५९१ | | | | | | | |
| 7. | Guard | 5 | 0 | | 1500 | ५२,६०५ | | | | | | | |
| 8. | Brick Mason | 2 | 0 | | 1300 | ४५,५९१ | | | | | | | |
| 9. | Plaster Worker | 10 | 0 | | 1300 | ४५,५९१ | | | | | | | |
| 10. | Adminstrative | 2 | 0 | | 2500 | ८७,६७५ | | | | | | | |
| 11. | Labourer | 14 | 0 | | 1000 | ३५,०७० | | | | | | | |
| 12. | Accountant | 1 | 0 | | 3600 | १,२६,२५२ | | | | | | | |
| 13. | Draftsman | 2 | 0 | | 3000 | १,०५,२१० | | | | | | | |
| 14. | Forman | 2 | 0 | | 2500 | ८७,६७५ | | | | | | | |
| 15. | Representative | 1 | 0 | | 2200 | ७७,१५४ | | | | | | | |
| 16. | Engineer | 3 | 0 | | 4200 | १,४७,२९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**
श्रम इजाजत नं. ७६३/०६५/०७६
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 4820056 , E-mail.: cvs.prayas@gmail.com
web.:www.prayasre.com



## बहराइनमा रोजगार | कम्पनी :ELITE FACILITY MANAGEMENT CO शहर : MANAMA

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ चलानी नं.: ६०१८३६०६ LT. No.: 267698

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 20 | 29 | स. काममा दक्ष | 100 | ३३,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**World View International Human Resources (Pvt.) Ltd.**
Govt. Lic. No. 962/067/068
Sukedhara, Kathmandu, Nepal, Tel :+977-1-4650445, 4650446
Fax : +977-1-4650447, E-mail: worldview.internationalhr@gmail.com



## बहराइनमा रोजगारको अवसर | कम्पनी: BLOSSOM DISTRICT BEAUTY SALOON शहर: MANAMA

पूर्व स्वीकृत मिति: २०७९/०४/०५ चलानी नं.: ६०१८३५९० LT. No.: 267712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | स. काममा दक्ष | 150 | ४९,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4354297, Mob.: 9810147957, 9803835493, 9818174840
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



## मलेसियामा रोजगार | कम्पनी : ONITEK GLOBAL SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२७ चलानी नं.: ६०१४९९६० LT. No.: 230759 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 14 | 0 | स. काममा दक्ष | 1100 | ३१,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १३ गते (29 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

मध्यान्ह
www.madhyanhadaily.com

६ साउन २०७९, शुक्रबार
22 July 2022, Friday

## सम्पादकीय

### पूर्व तयारीको दायित्व

केही दिनदेखि परिरहेको लगातार अविरल वर्षाले दैनिकी कष्टकर बन्दै गएको छ। अविरल वर्षाले नदीमा पानीको सतह बढेको छ। सरकारी अधिकारीहरूले बाढी, पहिरो र डुवानबाट सतर्क रहन आग्रह गर्दै आएका छन्। पहिरोले कतिपय सडक अवरूद्ध हुन पुगेको छ। सानातिनो पहिरोले यातायात प्रभावित बनेको छ। सडक भत्किदा लामो यात्रामा निस्किएकाहरू बीचैमा अलपत्र बनेका छन्। तर वर्षा आवश्यक प्राकृतिक घटना हुन्। प्राकृतिक सन्तुलन कायम राख्न पनि यसले सहयोग पुग्नेछ। पानीको मुहानदेखि खेतीका निम्ति पनि वर्षा हुन आवश्यक छ। तर वर्षाले आवश्यक काम मात्रै गर्दैन। त्यसको असर फाट्टफुट्ट देखिन थालेको छ।

विशेषगरी पहाडी तथा उच्च पहाडी क्षेत्रमा पहिरो र बाढीको समस्या हुने गर्छ। राजधानी उपत्यकामै पनि नदीको सतह बढेको छ। बागमती, बिष्णुमति जस्ता अरू बेला फोहोर बग्ने नदीमा अविरल वर्षाका कारण पानीको सतह बढेको छ। वर्षा नरोकिए सहरका घरहरूमा बाढी पस्ने समस्या पुरानै हो। यसमा अनेक तर्क गरिन्छ। नदी मिचेर घर बनाएकाले वर्षा धेरै हुँदा घरभित्रै बाढी पस्ने गरेको छ। राजधानी बाहिरका शहरहरूमा पनि यस्तै समस्या देखिने गरेको छ। तर बाढीबाट बस्ती जोगाउनु पनि सरकारको दायित्व हो। अझ पहाडी क्षेत्रबाट वर्षेनि ठूलो संख्यामा मानवीय क्षति हुँदै आएको छ। विकासे कामका लागि गतिविधिले पनि वर्षाका बेला पहिरो जाने गरेको छ।

तराईको समस्या डुवान हो। समथर भूभागमा वर्षासँगै डुवान हुने गरेको छ। यसपटकको वर्षाले पनि डुबानको भय शुरू भइसकेको छ। तराईमा देखिने डुबानको समस्याले हजारौं परिवार बिचल्लीमा पर्ने गरेका छन्। यसपटक पनि त्यस्तो भय कायमै छ। यस्तो बेला सरकारले गर्ने भनेको पूर्वकार्य तयारी हो। उद्धारका लागि आवश्यक तयारी सरकारले गर्न जरूरी छ। नागरिकले पनि सतर्कता अपनाउने त छदैछ, तर तीन तहकै सरकारको दायित्व प्राकृकित बिपत्तिबाट नागरिकको रक्षा गर्न हो। दीर्घकालीन समाधानबारे सोच्ने त छदैछ, तर त्यसअघि अहिले भइरहेको अविरल वर्षाबाट नागरिकको जीवन रक्षातर्फ हरेक निकायले आवश्यक ध्यान दिन जरूरी छ।

# नागरिकता विधेयकमाथिको प्रश्न

*नेपालको नागरिकताको समस्या मुख्यतः भारतसँग जोडिएकोले नागरिकता नीतिबारे कम्तिमा पनि भारतीय नीति, विधि, व्यवस्था र व्यवहार गर्ने कुरामा जोड दिनुपर्दछ। यसरी जाँदा मूलतः वैवाहिक अङ्गीकृत महिलालाई सात वर्ष देशमा बसेपछि नागरिकता प्राप्तिको प्रक्रियालाई सुरू गर्न पाउने र सन् १९५१ साललाई कट अफ इयर मानेर नागरिकता पाउने प्रावधानलाई लागू गरिनुपर्छ ।*

अग्रलेख



● नारायण शर्मा



अहिले मुलुकमा पुनः नागरिकताको विषय बल्भीएर आएको छ। शासक वर्गले नागरिकता वितरणका लागि गर्न खोजेको प्रावधानप्रति चौतर्फी चासो र चिन्ता देखिएको छ। नागरिकता ऐन संशोधन गर्न प्रस्ताव गरिएको विधेयकमा शासकले यस्तो नीति बनाउन खोजेका छन् कि विदेशी नेपालमा छिर्नेबित्तिकै, जन्मनेबित्तिकै, बेवारिसे भेटिएपनि र उसको बाबु-आमाको ठेगान नभए पनि उसलाई तत्कालै नागरिकता दिलाउने। आज ऐन नै संशोधन गरेर किन नागरिकता बिक्री गर्न खोजिँदैछ ? प्रश्न सबै नेपालीलाई गम्भीर बनाउने खालको छ।

आज अस्थिरता, अव्यवस्था, अराजकता, दलाली, कमिसनखोरी, भ्रष्टाचार र अनियमितता जस्ता कुराहरु यही संसदीय व्यवस्थाका कारण मजबुद बन्दै गएका छन्। दलहरुको विभाजन र गठबन्धनले देशमा अस्थिरता र अराजकता उत्पन्न हुँदै गएको छ। पैसाका आधारमा हुने चुनावी प्रतिस्पर्धाले राजनीतिलाई थप भ्रष्ट बनाउँदै लगेको छ। नेताहरुका पैसाका निम्ति जे पनि गर्न तयार हुने परिस्थिति बनिरहेको छ। फलस्वरूप बाह्य इच्छाअनुसार शासन व्यवस्था चल्ने अवस्था बनेको छ। आज नागरिकतालगायत थुप्रै मुद्दाहरु गम्भीर रूपमा अगाडि आइरहेका छन्। नागरिकता ऐन-२०६३ लाई संशोधन गर्न बनेको विधेयकका प्रावधान यसअघिका संविधान र ऐनभन्दा निकै देशघाती र देशद्रोही छ। यहाँ नागरिकता विधेयकका गलत प्रावधान र समाधानका बारेमा चर्चा गरिएको छ।

#### नागरिकता विधेयकमा घातक प्रावधान

नेपालमा फेला परेका, आमा-बुबाको ठेगान नभएका बेवारिसे व्यक्तिलाई पनि नागरिकता दिनैपर्ने र त्यस्तालाई दिंदा पनि वंशजकै दिनुपर्ने व्यवस्था नागरिकता विधेयकमा राखिएको छ। त्यस्तै, विवाह भएर आउनेलाई बस्दै नबसी, बस्नै नपरी तत्कालै एक हातले सिन्दुरपोते र अर्को हातले नागरिकता दिने गरी वैवाहिक अंगीकृत नागरिकता दिनैपर्ने व्यवस्था विधेयकमा छ। संसदको राज्यव्यवस्था समितिले परिमार्जन गरी ७ वर्ष कुर्नुपर्ने व्यवस्था गरेकोमा त्यसलाई पनि लत्याइएको छ।

विधेयकमा ज्वाइँलाई अङ्गीकृत र भान्जा-भान्जीलाई भने वंशजकै नागरिकता दिनुपर्ने प्रावधान ल्याइएको छ। साथै, तीन जना नेपाली नागरिकले सिफारिस गरेको आधारमा व्यक्तिलाई नागरिकता दिने व्यवस्था पनि विधेयकमा छ। बाबुको ठेगान नभएको नेपाली आमाबाट जन्मेका सन्तानले पनि वंशजकै पाउने र पछि बाबु पत्ता लाग्दा विदेशी रहेछ भने विदेशको नागरिकता लिएको छैन भनी स्वघोषणा गरेमा मात्र पनि नागरिक मानिने जस्ता विभिन्न प्रावधानहरु राखिएका छन्।

नेपालप्रति मायाममता र कामकर्तव्य बिर्सेर अनि नेपाली नागरिकता त्यागेर विदेशमा गएर बसेका नेपाली वा तिनका सन्तानलाई बिना कुनै शर्त र प्रतिबद्धता नै गैरआवासीय नागरिकता दिने भन्ने हालको विधेयकको व्यवस्थाद्वारा विदेशी नेपाली अर्थात् गैर आवासीय नेपालीहरुले नेपालप्रतिको कुनै कर्तव्य पूरा गर्नु नपर्ने तर उनीहरूले प्राप्त गर्ने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रयोगले गर्दा नेपालमा उनीहरुको मात्र होइन कि विदेशीहरुको नै प्रभाव र दवाव बढ्ने खतरा हुन्छ।

#### आपत्तिजनक स्वघोषणाको व्यवस्था

बलात्कारमा परेर बाबुको पहिचान हुन नसकेको बच्चाको हकमा उक्त बच्चालाई कारण खुलाई आमा वा छोराले बाबु चिन्दैनौं भनेमा पनि वंशजकै नागरिकता दिनुपर्ने प्रावधान हुनुपर्नेमा सो नभई पहिले पहिले वादी जातिका छोराछोरीका सन्दर्भमा आवश्यक पर्ने बाबुको पहिचान हुन नसकेका सन्तानलाई स्वघोषणा गरेमा पनि नागरिकता दिन सकिने व्यवस्थालाई अहिले वादीहरुमा आएको चेतना र पेसाको परिवर्तन भैरहेको अवस्थामा पनि यस्तो प्रावधान राखेर पुनस् नयाँ वेश्यावृत्तिलाई बढावा दिने गरी गरिएको यस्तो स्वघोषणाको व्यवस्था र उक्त स्वघोषणा झुट्टा ठहरेमा हुने कम सजायको व्यवस्था चिन्ताजनक छ।

#### किर्तेधारीलाई प्रोत्साहन गर्ने नीति

जहाँ जुनसुकै काम गर्दा पनि नागरिकता चाहिनै पर्ने नेपालको अनावश्यक व्यवस्थाले गर्दा जसरी पनि नागरिकता लिनैपर्ने बाध्यता हुँदा नागरिकता नभएका धेरैजसो भारतीयहरुले तीन जनालाई प्रभाव पारेर कीर्ते नागरिकता प्राप्त गरेको अवस्था। त्यस्ता अवैध, किर्ते, जाली वा फर्जी नागरिकताको छानबीन नहुनु, सर्वोच्चले खारेज गरेका भनिएका नागरिकता सरकारले खोजविन गरी बदर नगर्नु र ती दसौं वर्षदेखि प्रचलनमा रहिरहेको स्थिति। केही गरे त्यस्ता कीर्ते नागरिकता पत्ता लागिहालेमा तिनमाथि कार्वाही नगरिनु र गरिनै हालेपनि नाममात्रको गरिनु अर्थात् नागरिकता बदर मात्र गर्नु तर तिनलाई देश निकाला, जेल सजाय र आर्थिक दण्ड-जरिवाना गरिने जस्ता काम-कारबाही आदिको अभाव छ। फर्जी नागरिकता दिलाउनेहरूप्रति पनि उदासीनता र नरमपनाले गर्दा कडा दण्ड सजायको व्यस्था हुन नसकेको अवस्था छ।

> आप्रवासीहरुलाई सहज नागरिकता प्रदान गर्ने व्यवस्थाका कारण आज तराई-मधेस र सीमा जोडिएका जिल्लामा नेपाली स्वयम् अल्पमतमा पर्नुपर्ने अवस्था छ । नागरिकता प्राप्तकर्तालाई भोट बैंक सम्झने नेताहरुको निकृष्ट सोंचका कारण दिन नपर्ने र कतिपय त लिन नचाहने आप्रवासीहरुलाई पनि नागरिकता दिलाएर भोट लिने दुस्प्रयास भइरहेको छ ।

#### एनजिओ तथा आइएनजिओ प्रभावमा गलत अभ्यास

आज एनजिओ तथा आइएनजिओको प्रभावमा मानवतावादी, लिङ्गवादी, जातिवादी र क्षेत्रवादीजस्ता कारणबाट केही गलत प्रतिबद्धताहरु जनाइएको छ। आज नेपालभित्र देखिएका जो कसैलाई पनि राज्यविहीन हुन नदिने प्रतिबद्धता जनाइएको छ। नारीवादले निम्ताएको लैङ्गिक समानताका नाममा महिलालाई जस्तै पुरुषलाई पनि वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्न दिइएको छ। आप्रवासीहरुलाई सहज नागरिकता प्रदान गर्ने व्यवस्थाका कारण आज तराई-मधेस र सीमाजोडिएका जिल्लामा ठूलो संख्याले अल्पमतमा पर्नुपर्ने अवस्था छ। नागरिकता प्राप्तकर्तालाई भोट बैंक सम्झने नेताहरुको निकृष्ट सोंचका कारण दिन नपर्ने र कतिपय त लिन नचाहने आप्रवासीहरुलाई पनि नागरिकता दिलाएर भोट लिने दुस्प्रयास भइरहेको छ।

नेपालको भूराजनीतिक अवस्थिति, खुला सीमा र यसकै माध्यमबाट जनसांख्यिक अतिक्रमणद्वारा नेपाललाई फिजीको तरिकाले सिक्किमलाई भारतमा गाभेझैं गाभ्ने भारतीय पछिल्लो रणनीति र गुरुयोजना बनेको देखिन्छ। अनि त्यही रणनीति र गुरुयोजनाअन्तर्गतका विभिन्न खुला वा गुप्त कार्यनीतिक र कूटनीतिक चलखेल र हस्तक्षेपहरु, आदि-इत्यादि भइरहेका छन्।

#### समाधानका उपायहरू

सार र संक्षेपमा भन्नुपर्दा माथिका समस्याहरुको मूलमा नेपालका वर्तमानका शासकहरु र तिनीहरुमा रहेको दलाल र आत्मसमर्पणवादी चिन्तन र चरित्र नै मुख्यतः जिम्मेवार छन्। यी समस्याको समाधान नहुनुमा पनि यिनै गलत सोंच र शैली नै मुख्यरूपले प्रकट भइरहेका छन्। अन्यथा नागरिकताका सम्बन्धमा नेपालमा देखिएका उपरोक्त समस्याहरुको समाधानका आयाम वा उपायहरु निम्नानुसार रहेका छन् :

- नेपालको फिजीकरण गर्ने र राष्ट्रिय अस्तित्व नै समाप्त गराउने चरम राष्ट्रघाती हालको यो विधेयक तत्काल निःशर्त खारेज गरिनुपर्छ।
- नेपालमा नागरिकताबारे स्पष्ट दीर्घकालीन साझा राष्ट्रिय नीति-दृष्टिकोण निर्माण गर्नु अत्यावश्यक छ र तत्पचात् त्यसका आधारमा अघि बढ्नुपर्छ।
- सर्वाधिकार सम्पन्न उच्चस्तरीय नागरिकता छानबिन आयोग गठन तत्कालै हुनुपर्छ र कीर्ते, जाली र झुठा नागरिकताहरु अविलम्ब बदर गरिनुपर्छ।
- नागरिकता दिनैपर्ने सच्चा नेपाली नागरिक, खासगरी मधेसी आदिवासी, दलित र सुकुम्बासीलाई तुरुन्त दिने र दिन नहुने विदेशीहरुलाई नदिने मात्र होइन, दिएको पनि खारेज गर्ने जस्तो कडा नागरिकता नीति लिइनुपर्छ।
- घर-जग्गा खरिद र राजनीतिक अधिकार प्रयोगको लागि बाहेक अन्य प्रयोजनको लागि अस्थायी परिचय पत्रको व्यवस्था गर्नु जरुरी छ।
- तत्कालीन रूपमा सीमा नियमन, व्यवस्थापन, अनुगमन र नियन्त्रणमा ध्यान दिँदै वर्क पर्मिट लागू गर्ने र दीर्घकालीनरूपमा खुला सीमा बन्द गर्नको लागि १९५० को सन्धि र यससँग सम्बन्धित पत्राचार आदि संशोधन वा खारेजीमा अघि बढ्नु पर्छ।
- सबै मधेसी नेपालीलाई भारतीय देख्ने र वंशजको नागरिकता पाउनको लागि लामोसमय अर्थात् कम्तीमा तीन पुस्ता बसेको हुनुपर्ने र तत्पश्चात् चौथो पुस्ताबाट मात्र वंशजको नागरिकता दिने गराउनु पर्छ भन्नेहरुलाई महेन्द्रीय राष्ट्रवाद देख्ने दृष्टिदोषबाट नेता, शासक मात्र होइन जनता-कार्यकर्ताहरु पनि मुक्त हुनुपर्छ। यसैगरी कालो छालाका जम्मै मधेसी नेपालीलाई भारतीय देख्ने, हेप्ने र नागरिकता दिनबाट समेत रोक्ने अन्धराष्ट्रवादी सोंच र संस्कारबाट शासकवर्गमात्र होइन सम्पूर्ण नेपालीहरु मुक्त हुनुपर्छ।
- अङ्गीकृत नागरिकता, जन्मसिद्ध वा वंशजकै नागरिकता दिने नीति, विधि र व्यवस्था पनि कम्तीमा पारस्परिकताको आधारमा छिमेकी देशहरुको भन्दा र अझ मुख्यतः भारतको भन्दा खुकुलो हुनुहुन्न।
- देशलाई अस्थीर, अस्तव्यस्त र अन्यनिर्भर बनाउने यस्ता नेता-शासक, दल, संविधान, कानुन-नियम र व्यवस्थाको समेत रूपान्तरण गरिनुपर्छ।
- गलत मानिसलाई नागरिकता दिलाउनेलाई कडा कारबाही स्वरूप नागरिकता पाउने र दिलाउने दुवैको नेपाली नागरिकता रद्द गरेर सर्वस्व हरणसहित देश निकाला गर्न सक्ने समेत नियम-कानुन बनाउपर्छ।

अन्तमा, नेपालको नागरिकताको समस्या मुख्यतः भारतसँग जोडिएकोले नागरिकता नीतिबारे कम्तिमा पनि भारतीय नीति, विधि, व्यवस्था र व्यवहार गर्ने कुरामा जोड दिनुपर्दछ। यसरी जाँदा मूलतः वैवाहिक अङ्गीकृत महिलालाई सात वर्ष देशमा बसेपछि नागरिकता प्राप्तिको प्रकृयालाई सुरु गर्न पाउने र सन् १९५१ साललाई कट अफ इयर मानेर नागरिकता पाउने प्रावधानलाई लागू गरिनुपर्छ। सम्पूर्ण देश-विदेशमा रहेका सम्पूर्ण सच्चा देशभक्त, वामपन्थी र लोकतन्त्रवादी शक्ति, संघ-संस्था र व्यक्ति-व्यक्तित्वहरु आपसमा झिना-मसिना विषयका संकीर्ण, स्वार्थी र आत्मघाती आग्रह-पूर्वाग्रह र प्रतिशोध-निषेधजन्य आग्रह-पूर्वाग्रह परित्याग गरेर मन, बचन र कर्मले एकताबद्ध भएर निर्णायक र परिणामदायी सर्वाधिक बृहत् राष्ट्रिय मुक्ति आन्दोलन नै गर्नुपर्छ। त्यो आन्दोलन सफल र सार्थक भएमा मात्र नेपालमा नागरिकता र यससँग सम्बन्धित अन्य समस्याहरुको समाधानको बाटो खुल्दछ।

***(लेखक संविधानसभा सदस्य तथा जनस्तरको नागरिकता अध्ययन कार्यदलका सहसंयोजक हुन्।)***

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

एसपीपीमा सहभागी नहुने पत्र पठाउन अझै छलफल गर्दै परराष्ट्र मन्त्रालय; भनेपछि मन्त्री परिषद्को निर्णयको कुनै मूल्य छैन। दोस्रो, इण्डोप्यासिफिक रणनीति र अमेरिकी सैनिक रणनीतिप्रति आफ्ना धारणा प्रष्ट अमेरिकासँग राख्न सक्दैनौ।



**- रुद्र पाण्डे**

अरू देशको राजधानी छिर्‍यो भने आर्मीको अफिस खोज्दा पनि देखिँदैन। तर हाम्रो देशको राजधानीको राम्रा ठाउँ सबै आर्मीले लिएको छ। राजा र राणा छँदा उनको शुरक्षाको लागि राखिएको भएपनि अब राख्न आवश्यक छैन। आर्मीलाई काठमाडौं बाहिर राखौं र सो ठाउँमा स्कुल खोलौं।



**- सुर्यराज आचार्य**

देशको ४५ प्रतिशत भूभाग वन क्षेत्र छ। नेपालले काठ/फर्निचर/प्लाइउड/कागज जस्ता वनजन्य उत्पादनको आयातमा अर्बौं खर्चेको छ। यी वस्तुमा आत्मनिर्भर हुने गरि वनको दिगो उपयोगको नीतिले व्यापार घाटा घटाउने, रोजगारी सिर्जना गर्ने र यी वस्तुको मूल्य सस्तो हुने। यो नीतिमा सरकारले 'दिगो-जस' पाउनेछ।



**- कमल पौडेल**

प्रदेश सरकारहरूले ६ अर्ब २४ करोडभन्दा बढी त गाडी खरिदमै उडाए। मर्मत सम्भारमा मात्रै १ अर्ब ४४ करोडभन्दा बढी रूपैयाँ सकेका छन्। अतिरिक्त इन्धन, ड्राइभरको तलब, भत्ता, ओभरटाइम जोड्दा गएका चार आर्थिक वर्षमा कति सकेका होलान् ? विकास खर्च मुस्किलले असार अगाडिसम्मको ३० प्रतिशत पनि कटाउन सकेनन्। कठै संघीयता !



**- बाबुलाल भण्डारी**

सत्ता बाहिर हुँदाको बोलीबाट कसैलाई राम्रो/नराम्रो भनेर चित्रित गर्नु गलत छ. विपक्षमा हुँदा राम्रो बोल्ने सबै पार्टी सत्तामा नराम्रै बनेर जान्छन्। आजको विपक्ष हिजो सत्तामा थियो हिजोको विपक्ष आज सत्तामा छ। आधारभूतरूपले यिनमा रत्तिभर फरक छैन। सास भी कभी बहू थी, बहू भी कभी सास होगी !

# महङ्गीप्रति बेखबर सरकार

ब्लग



● रोशनी वुढा

अविकसित मुलुक हुन् या विकसित मुलुक हुन् आजको सूचना प्रविधि लोकतान्त्रिक प्रणाली सुव्यवस्था र सुशासन, मानव अधिकार र न्याय एवम् आफ्नो देशमा के भइरहेको छ त्यसको निगरानी सबै मुलुकमा हुन्छ। तर हाम्रो मुलुक त राज्यले के गर्‍यो, राज्य ठीक छ की छैन, हाम्रो राज्य व्यवस्थाले गरेका मापदण्ड ठीक छ कि छैन, राज्य जनतासँग जोडिएको छ कि छैन ? जनताका नितान्त आधारभूत आवश्यकताको परिपूर्तिका साथै जनता कति मर्कामा छन् भन्ने विषय चिन्ता गर्छन् कि गर्दैनन् भन्ने विषय अहम् छ। नागरिकको काम कर्तव्य र दायित्व के हो भन्ने विषय पनि उठान गर्न आवश्यक देखिन्छ। जनताका आधारभूत आवश्यकतासँग जोडिएका कतिपय महत्वपूर्ण विषय मध्ये खाद्य, शिक्षा र स्वास्थ्य सबैभन्दा महत्वपूर्ण विषय हुन्। खासगरी गरीबी देशमा कालो बजारिया, माफिया र कमिसनतन्त्रले शासन गरेको कारण जनता धेरै दुःख, दरिद्र र पीडाग्रस्त भएका हुन्छन्। यहाँ नेपालको परिवेश केन्द्रीत भएर चर्चा गर्न खोजिएको छ।

नेपाल सदियौंदेखि आत्मनिर्भर थियो शिवाय पेट्रोलियम पदार्थ र केही प्रविधिबाहेक। तर, आज नेपाल सियोमा समेत परनिर्भर छ। कृषिप्रधान देश भने पनि तरकारी खाद्यान्न विदेशबाट ल्याउनु पर्ने अवस्था छ। हामी किन गरिब र पछाडि पर्‍यौं भन्ने विषय महत्वपूर्ण हो।

> देशको अवस्था श्रीलंकाभन्दा गए गुज्रेको बन्दैछ । आज महँगीले एक पछि अर्को रेकर्ड राख्दै छ । आधारभूत सामाग्रीहरु चौगुणा महँगो भएका कारण सामान्य जनतालाई एकछाक टार्न गाह्रो परेको छ । तर, यस्तो अवस्थामा पनि राज्य सञ्चालक मौन देखिएका छन् । मानौं, महँगीबारे उनीहरु पुरै बेखबर छ ।

नेपालमा एक सय चार वर्ष राणा शासनले राज गर्‍यो र आफ्नो भाई भारदार बाहेक अरुलाई ठाउँ दिएन। पञ्चायती ३० वर्षे शासनमा दरवार र वरिपरिका बाहेक अरुको केही भएन। २०४६ सालपछि प्रजातन्त्रको शुरुवात भए पनि विदेशी ऋण, एन.जि.ओ. र आइएनजिओको निर्देशनमा शासन भयो। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता बाह्य संस्थाहरुले राज्य व्यवस्था र राजनैतिक नेतृत्वलाई निर्देशित गर्ने काम भयो। विदेशी ऋण वा अनुदानले नेपाल कहिल्यै उठ्न नसक्ने अवस्थामा पुग्यो। हालै प्रकाशित रिपोर्टअनुसार १८ खर्बभन्दा बढी विदेशी ऋण नेपाललाई छ। यो कहिले तिर्ने हो ? हाम्रो कुनै पनि राष्ट्रिय आय स्रोत छैन। हामी सधैं अर्काको घरमा बाँच्नुपर्ने अवस्थालाई निर्मुल पार्न किन सक्दैनौ भन्ने विषय आजको महत्वपूर्ण विषय हो।

अहिले देश संघीय व्यवस्थामा गएको छ। देशमा तीन वटा सरकार छन्। ति सरकार भ्रष्टाचार र अनियमितताले मुछिएका छन्। देशको अवस्था श्रीलंकाभन्दा गए गुज्रेको बन्दैछ। आज महँगीले एक पछि अर्को रेकर्ड राख्दै छ। आधारभूत सामाग्रीहरु चौगुणा महँगो भएका कारण सामान्य जनतालाई एकछाक टार्न गाह्रो परेको छ। तर, यस्तो अवस्थामा राज्य सञ्चालक मौन देखिएका छन्। मानौ, महँगीबारे उनीहरु पुरै बेखबर छ। अब नेपाली जनताले श्रीलंका जस्तै नेता माथिल्लो कर्मचारीतन्त्रको घर घेर्नु पर्ने अवस्था आएको छ। विदेशमा पैसा थुपार्ने र कालो बजारिया, माफियासँग मिलेर नेपाली जनतालाई सास्ती दिने सरकार राज्यतन्त्रलाई घेराबन्दी गर्नुपर्दछ। यस आम नेपाली नागरिकले गाउँ-गाउँ, शहर-शहर, टोल-टोलबाट आवाज उठाउनु पर्दछ। यस्तो महँगी र अत्याचारका विरुद्धका जागरुक हुनुपर्दछ। देशमा राज्य छ कि छैन यदि राज्य भए सबै वस्तु नियन्त्रण गर्न पर्छ भन्ने आम जनताको राय छ।

# भारतको राष्ट्रपतिमा मुर्मु निर्वाचित



काठमाडौं/एजेन्सी– भारतको १५ औं राष्ट्रपतिमा द्रौपदी मुर्मु निर्वाचित भएकी छन् । बिहीबार आएको मतगणनाको नतिजामा एनडीएकी उम्मेदवार द्रौपदी मुर्मु विपक्षी दलका उम्मेदवार यशवन्त सिन्हालाई पराजित गर्दै राष्ट्रपतिमा निर्वाचित भएकी हुन् ।

भारतको राष्ट्रपति चयन गर्ने इलेक्टोरल कलेजमा भोटको कुल मूल्य ९ लाख ८६ हजार ४३१ हुन्छ । यस निर्वाचनमा दुई जना उम्मेदवार रहेकाले कुनै पनि उम्मेदवारले आधाभन्दा बढी मत प्राप्त गरेमा कुनै पनि उम्मेदवारको जित निश्चित हुन्छ । यस्तो अवस्थामा द्रौपदी मुर्मुलाई जिताउन ५ लाख ४३ हजार २१६ मत आवश्यक थियो ।

समाचार एजेन्सी एएनआईले राज्यसभाका महासचिव पीसी मोदीलाई उद्धृत गर्दै तेस्रो राउण्डको समाप्तिपछि द्रौपदी मुर्मुले ५ लाख ७७ हजार ७७७ मत प्राप्त गरेको बताएको छ । जबकि उनका प्रतिद्वन्द्वी यशवन्त सिन्हाले हालसम्म २ लाख ६१ हजार ६२ मत मात्र ल्याए । मुर्मु भारतमा राष्ट्रपति हुने पहिलो आदिवासी र दोस्रो महिला हुन् । ओडिशाका मुर्मु यसअघि झारखण्डको राज्यपाल पनि भइसकेकी छन् । द्रौपदी मुर्मुले जुलाई २५ मा पद तथा गोपनियताको सपथ लिनेछिन् ।

२०१७ मा भाजपाले राष्ट्रपतिको उम्मेदवार बनाउन उनको नाममाथि विचार गरिरहेको हल्ला चलेपछि मुर्मु चर्चामा आएकी हुन् । त्यतिबेला उनी झारखण्डको राज्यपाल थिइन् ।

मयुरभञ्ज जिल्लाको बैदापोसी गाउँमा २० जुन १९५८ मा उनको जन्म भएको थियो । मुर्मु सन्थाल समुदायकी हुन् जो भारतको सबैभन्दा पुरानो र सबैभन्दा ठूलामध्येको एक आदिवासी समूह हो ।

गाउँ प्रधानकी छोरी मुर्मुले राज्यको राजधानी भुवनेश्वरस्थित रामदेवी महिला कलेजमा अध्ययन गरिन् । उनले आफ्नो करिअर उडिसा सरकारको कर्मचारीका रुपमा सुरु गरेकी थिइन् १९७९ देखि १९८३ सम्म उनी सिंचाइ तथा उर्जा विभागमा कनिष्ठ सहायकका रुपमा कार्यरत थिइन् ।

१९९४ देखि १९९७ सम्म उनले श्री अरविन्दो एकीकृत शिक्षा तथा अनुसन्धान केन्द्र रायरंगपुरमा पढाइन् । १९९७ मा रायरंगपुरको स्थानीय चुनावमा काउन्सिलर चुनिएपछि उनको राजनीतिक यात्रा शुरु भयो । भाजपा सदस्य उनी सो क्षेत्रबाट २००० र २००९ मा गरी दुई पटक विधान सभामा चुनिइन् ।

२००० देखि २००४ सम्म उनी नवीन पटनायक नेतृत्वको गठबन्धन सरकारमा मन्त्री थिइन् । २०१५ पछि उनले सक्रिय राजनीति छाडिन् र झारखण्डको पहिलो महिला राज्यपाल नियुक्त भइन् । २०२१ सम्मको ६ वर्षीय कार्यकालमा उनले झारखण्डमा प्रशंसा कमाएकी थिइन् ।

## इटालीका प्रधानमन्त्रीले दिए राजीनामा

इटाली/एजेन्सी– इटालीका प्रधानमन्त्री मारियो ड्राघीले बिहीबार पदबाट राजीनामा दिएका छन् । उनले बुधवार सिनेटमा विश्वासको मत पाएका थिए । तर, उनका तीन गठबन्धन सहयोगीहरूले मतदान प्रक्रिया बहिष्कार गरेपछि राजीनामा दिएका हुन् ।

उनको राजीनामाले प्रारम्भिक निर्वाचनको सम्भावना र इटाली तथा युरोपका लागि महत्त्वपूर्ण समयमा अनिश्चितताको संकेत गर्छ । ड्राघीले राष्ट्रपति सर्जियो माटारेलालाई आफ्नो राजीनामापत्र बुझाएका हुन् । माटारेला जसले गएको साता यस्तै राजीनामापत्र बुझ्न अस्वीकार गरेका थिए ।

तर, यसपटक राजीनामापत्र लिँदै ड्राघीलाई तत्कालका लागि कार्यवाहक पदमा बस्न आग्रह गरेको राष्ट्रपतिको कार्यालयलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार संस्था एपीले जनाएको छ ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
